# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १४३ | काठमाडौं | बिहीबार, २७ भदौ २०८१ | Prabhab National Daily | Thursday, September 12, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## ‘जलवायु संकट रोक्न एकीकृत ऐन आवश्यक’

- जलवायु परिवर्तनसम्बन्धी नीतिहरू छरिएर रहँदा जलवायुजन्य विपद्को न्यूनीकरण प्रभावकारी बन्न नसकेको धारणा
- जलवायुका सबै विषयलाई समेट्नेगरी एकीकृत ऐन ल्याउन पहल गर्ने सांसदहरूको प्रतिबद्धता

**काठमाडौं (प्रस)–** संघीय सांसदहरूले नेपालमा जलवायु परिवर्तनका समस्या बढ्दै गएका बेला त्यसलाई सम्बोधन गर्न एकीकृत कानुनको आवश्यकता रहेकामा जोड दिएका छन् । पब्लिक पोलिसी पाठशालाद्वारा बुधबार यहाँ आयोजित ‘जलवायु संकट : नेपालको वास्तविकता र नीतिगत प्राथमिकता’ विषयक नीति संवादमा उनीहरूले जलवायुका सबै विषयलाई समेट्ने गरी एकीकृत ऐन ल्याउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

साथै, उनीहरूले जलवायु परिवर्तनसम्बन्धी नीतिहरू छरिएर रहँदा जलवायुजन्य विपद्को न्यूनीकरण, अनुकूलन तथा हानी नोक्सानीका विषयलाई प्रभावकारी र उत्तरदायी हिसाबले सम्बोधन गर्न नसकिएको धारणा व्यक्त गरे ।

कार्यक्रममा प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिकी सभापति कुसुमदेवी थापाले जलवायु परिवर्तनको चुनौतीलाई सम्बोधन गर्न एउटा महाशाखाले मात्र काम गरेर नसक्ने बताउँदै यसमा सबै मन्त्रालय तथा निकायको समन्वय र सहकार्य हुनुपर्ने बताइन् । उनले जलवायु परिवर्तन विषयमा गरिने छलफल र संवादलाई निरन्तरता दिनुपर्ने सुझाव दिइन् ।

प्रतिनिधिसभा सदस्य दीपा शर्माले परिवर्तित अवस्थामा नेपालमा एकीकृत जलवायु कानुनको आवश्यकता रहेको उल्लेख गर्दै जलवायु परिवर्तनका कारण पानीका मुहान सुकेकाले यसको समाधानमा सबै गम्भीर हुनुपर्ने बताइन् । जथाभावी डोजरे विकास गर्दा पहिरो र बाढीको समस्या बढेका बताउँदै उनले यसमा हामी आफैंले पहल गर्नुपर्ने तर्क गरिन् ।

प्रतिनिधिसभाका अर्का सांसद माधव सापकोटाले जलवायु परिवर्तनले निम्त्याएको हानि नोक्सानीको क्षतिपूर्ति गर्न विदेशबाट पैसा ल्याए पनि त्यसलाई उपयोग तथा परिचालन गर्ने प्रस्ट कार्य ढाँचा आवश्यक रहेकामा जोड दिए । उनले जलवायु संकटको समाधानमा स्थानीय, प्रदेश र संघीय गरी तीनै तहका सरकार आपसमा मिलेर अगाडि बढ्नुपर्ने बताए ।

प्रतिनिधिसभाका अर्का सांसद रूपा सोशी चौधरीले हिजोआज पक्की घर तथा भवन निर्माण गर्ने होडले गर्मी बढाएको चर्चा गर्दै परम्परागतरूपमा बनाइएका घर र माटोले बनेका घरहरू जलवायुमैत्री र चिसो हुने गरेको तर्क गर्दै हाम्रा परम्परागत ज्ञान र सीपले जलवायु संकटका समाधान गर्न सहयोगी हुने सुझाव दिइन् ।

(क्रमशः पृष्ठ २ मा)

कांग्रेस-एमालेको दोहोरो चरित्र

# आफ्नालाई छुट, उपसभामुखमाथि नैतिकताको प्रश्न



मैले लेखेको एउटा पुरानो पत्रलाई लिएर जसरी प्रश्न उठाइएको छ, यसको सामना गर्छु, अहिले यत्ति भन्छु ।

**इन्दिरा राना मगर**
**उपसभामुख, प्रतिनिधिसभा**

### जसले शक्तिको आडमा नैतिकता देखाउनु परेन



**पृथ्वीसुब्बा गुरुङ**
**(सञ्चारमन्त्री)**
प्रहरी महानिरीक्षकको जिब्रो थुत्नुपर्ने हिंसाप्रेरित अभिव्यक्ति



**दीपक खड्का**
**(ऊर्जामन्त्री)**
काठमाडौंको लैनचौरमा सरकारी जग्गा हडपेको आरोप



**डा. आरजु राणा**
**(परराष्ट्रमन्त्री)**
नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएकी पात्र

**जेबी योञ्जन**

- उपसभामुखले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने कांग्रेस र एमालेको माग
- नैतिकताको आधारमा राजीनामा नदिने परराष्ट्रमन्त्री आरजु राणा, सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङ र ऊर्जामन्त्री दीपक खड्का

**काठमाडौं–** नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनले प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगरले राजीनामा दिएर ‘नैतिकता’ प्रदर्शन गर्नुपर्ने भन्दै दबाब बढाएको छ । एकातिर हस्ताक्षर संकलन गरेर मगरविरुद्ध एक चौथाइ सांसदबाट अविश्वास प्रस्ताव संसद्मा दर्ता गराउने तयारी गर्दै यी दुई दलले नैतिकताको आधारमा राजीनामा दिएर सहज बहिर्गमनको विकल्प रोज्न बाध्य पार्ने प्रयास गरिरहेका हुन् ।

उपसभामुख मगर भने राजीनामा दिन तयार छैनन् । उनी संसद्को सामना गर्न तयार छिन् । ‘मैले लेखेको एउटा पुरानो पत्रलाई लिएर जसरी प्रश्न उठाइएको छ, यसको सामना गर्छु, अहिले यत्ति भन्छु,’ प्रभावसँग उपसभामुख मगरले भनिन् ।

बुधबार संसद् बैठकमा कांग्रेस र एमालेका सांसदहरूले उपसभामुख मगरले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने माग गरे । त्यस्तो माग गर्नेमध्येकै कांग्रेस सांसद प्रतिमा गौतमले भनिन्, ‘उपसभामुखजस्तो जिम्मेवारीमा रहेर असम्बन्धित व्यक्तिहरूलाई जस्केलाबाट अमेरिकामा हुने कार्यक्रममा लैजान सिफारिस गर्नु पदीय दुरूपयोग हो, गम्भीर अपराधसमेत हो र इमान र नैतिकता प्रदर्शन गर्दै मार्गप्रशस्त गर्नुहोस् ।’

कांग्रेसकै अर्की सांसद शान्ति परियारले पनि उपसभामुखले इमानलाई ध्यान दिँदै राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्ने जिकिर गरिन् । ‘१९ महिनाअघि पाँचजना व्यक्तिलाई अमेरिकामा पठाउन उपसभामुखले सिफारिस गर्नुभयो । उपसभामुखजस्तो गरिमामय पदमा बसेर यस्तो गर्न हुँदैन । उपसभामुख पद देशको प्रतिष्ठासँग जोडिएको पद हो । त्यसले गर्दा उहाँले इमान देखाउनुपर्छ,’ उनको भनाइ छ ।

मंगलबार एमाले सांसदहरूले नैतिकताको आधारमा उपसभामुख मगरले राजीनामा दिनुपर्ने माग गरेका थिए । यसरी उपसभामुखलाई राजीनामा दिन दबाब दिने सन्दर्भमा दुई दलले नैतिकताको सवाल उठाएका छन् । जबकि, यी दलबाट मन्त्री बनेका नेताहरूले नैतिकता उल्लंघन गर्दै आएका छन् ।

यही १५ भदौमा सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रहरी महानिरीक्षकको जिब्रो थुत्नुपर्ने हिंसाप्रेरित अभिव्यक्ति दिए । प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर छन् । प्रहरी समायोजन ऐन नल्याउने भनेको भन्दै नाम नलिइकन कुँवरको जिब्रो थुत्नुपर्ने अभिव्यक्ति मन्त्री गुरुङले दिएका थिए ।

सरकारको प्रवक्ताबाट पदीय मर्यादा नाघेर यस्तो अभिव्यक्ति आएको हो । अपराधशास्त्री कुन्साङ योञ्जनका अनुसार मन्त्री गुरुङको यस्तो अभिव्यक्ति पूरै हिंसात्मक हो । उनी भन्छन्, ‘पोखरा पुगेर जसरी सञ्चारमन्त्रीले प्रहरी प्रमुखको जिब्रो थुत्नुपर्छ भनेर अभिव्यक्ति दिनुभयो, त्यो पूरापूर हिंसाप्रेरित छ । सरकारको प्रवक्ताजस्तो भूमिकामा रहेको पदाधिकारीबाट यस्तो अभिव्यक्ति आउनु दुर्भाग्यपूर्ण हो ।’

मन्त्री गुरुङको अभिव्यक्तिलाई लिएर सातजना पूर्वप्रहरी प्रमुखले विज्ञप्ति जारी गरेर ‘असंवेदनशील अभिव्यक्ति’ भएको टिप्पणी गरे । प्रधानमन्त्रीसमक्ष मन्त्री गुरुङलाई तत्काल आवश्यक कारबाही गर्न माग गरे । तर, प्रधानमन्त्री केपी शर्मा ओलीले नसुनेझैं गरे ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

वैदेशिक रोजगार बोर्डको प्रगति विवरण

# मृतक श्रमिकका परिवारलाई ७० करोड हस्तान्तरण, उपचारमा साढे १९ करोड खर्च

**प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डको सचिवालयले ढिलोगरी गत आर्थिक वर्ष २०८०/८१ को कार्यप्रगति विवरण सार्वजनिक गरेको छ । बोर्डले प्रगति विवरणमा वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका कामदारको परिवारलाई आर्थिक सहायता उपलब्ध गराउनेदेखि श्रमाधान कल सेन्टर सञ्चालनसम्म उल्लेख गरेको छ ।

वैदेशिक रोजगारीको क्रममा एक वर्षमा मृत्यु भएका एक हजार ३४६ जनाका परिवारलाई ६९ करोड ९९ लाख पाँच हजार रूपैयाँ रूपैयाँ हस्तान्तरण गरेको बोर्डले जनाएको छ । बिरामी एवं अंगभंग भएका कामदारलाई स्वास्थ्य उपचार खर्चबापत १९ करोड ४६ लाख ८५ हजार रूपैयाँ र कामदारको परिवारको सदस्यलाई स्वास्थ्य उपचार खर्च एक करोड २२ लाख ६५ हजार रूपैयाँ प्रदान गरिएको बताइएको छ । यस्तै शवबहान सेवामा तीन करोड ४१ लाख ५८ हजार, विदेशमा अलपत्र शव नेपाल ल्याउन र समन्वय गर्न तीन करोड ७३ लाख १२ हजार, अलपत्र कामदारको उद्धार तथा समन्वयमा तीन लाख २० हजार रूपैयाँ खर्च भएको प्रगति विवरणमा उल्लेख गरिएको छ ।




यसैगरी वैदेशिक रोजगारीका लागि जाने महिलाहरूलाई दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिम (पिडिओटी)मा शोधभर्नाबापत १० लाख ९० हजार रूपैयाँ खर्च भएको बोर्डले जनाएको छ । वैदेशिक रोजगारबाट फर्किएका वा जान चाहने कामदारलाई लक्षित गरी १९ वटा संस्थासँग १३ वटा सीपमूलक तालिम सञ्चालन गरिएको र त्यसमा छ हजार १३ जनालाई एक महिने निःशुल्क सीप तालिम उपलब्ध गराइएको बोर्डको भनाइ छ । साथै, वैदेशिक रोजगारीको क्रममा मृत्यु तथा अंगभंग भएका कामदारको परिवारका बालबालिकाहरूको विवरण संकलन गरी दुई हजार २३३ जनालाई आर्थिक सहयोग भुक्तानी गरिएको उल्लेख छ । ती बालबालिकालाई भुक्तानी गरिएको रकम भन्ने खुलाइएको छैन । यस्तै वैदेशिक रोजगारीमा गएका कामदारका सन्ततीलाई प्रदान गरिने छात्रवृत्ति कार्यक्रमलाई प्रगतिको ‘माइलस्टोन’ (कोशेढुंगा) मानिएको छ । जसमा एक हजार ८७४ जनाले छात्रवृत्ति पाएका बोर्डले उल्लेख गरेको छ ।

बोर्डले श्रमाधान कल सेन्टर सञ्चालनलाई पनि प्रगति विवरणमा समेटेको छ । गत आर्थिक वर्षमा ८६ हजार ८४९ जना सेवाग्राहीलाई श्रम मन्त्रालय र मातहतका सबै निकायहरूसँग सम्बन्धित जिज्ञासा, गुनासा, सुझाव र उजुरीका सम्बन्धमा सेवा प्रदान गरिएको उल्लेख छ । यस्तै एक वर्षको अवधिमा रोजगारीका लागि विदेशमा रहेका तीन हजार ३१ जनाले स्वास्थ्य सेवासम्बन्धी टेलिमेडिसिन सेवा लिएको बताइएको छ । बोर्डको प्रगति विवरणमा धेरै संख्यामा नेपाली कामदार कार्यरत मुलुकमा स्वास्थ्य शिविर सञ्चालन गरेको पनि उल्लेख छ । छ वटा मुलुकमा स्वास्थ्य शिविर चलाइएको भनिए पनि कुन-कुन देश भनेर खुलाइएको छैन ।

बोर्डले विदेशी भूमिमा विभिन्न कारणले अप्ठ्यारोमा परेका, जेल सजाय पाएका नेपाली कामदारको कानुनी प्रतिरक्षा गरेको, विभिन्न नियोगहरूका सुरक्षित गृह सञ्चालनमासहयोग गरेको, नेपाली दूतावासहरूमा श्रमसँग सम्बन्धित जनसम्पर्क सहायक कर्मचारी व्यवस्थापन गरेको, वैदेशिक रोजगारीबाट फर्केका र वैदेशिक रोजगारीमा गएका कमदारको परिवारका सदस्य गरी एक हजारलाई सीप विकास तथा वित्त विकास तालिम दिएको, समय-समयमा अभिमुखीकरण तालिमप्रदाय संस्थाहरूसँग अन्तरक्रिया तथा छलफल गरेको, अभिमुखीकरण तालिम तथा मोबाइल एप निर्माण गरिएको, प्रशिक्षक प्रशिक्षण तालिम दिइएको र वैदेशिक रोजगारीमा गएका कामदारका परिवारसँग गरिएको भेटघाट तथा अन्तरक्रियालाई पनि प्रगति विवरणमा समेटेको छ ।

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## आफ्नालाई छुट..

यतिसम्मकी ओलीले मन्त्री गुरुङसँग सामान्य स्पष्टीकरणसमेत सोधेनन् । कांग्रेसका दुई सांसद शंकर भण्डारी र रामहरि खतिवडाले मन्त्री गुरुङको अभिव्यक्तिको विरोध गर्नुबाहेक अरू मौन रहे । अर्थात् हिंसात्मक अभिव्यक्ति दिए पनि सत्तामा रहेका दुई दल कांग्रेस-एमालेका लागि पदीय मर्यादाविपरीत भएन । उनलाई नैतिकताको प्रश्न उठेन ।

ओली सरकारमा कांग्रेसबाट ऊर्जामन्त्री बनेका दीपक खड्का सरकारी जग्गा हडपेको आरोप लागेका व्यक्ति हुन् । काठमाडौंको लैनचौरस्थित नेपाल स्काउटको तीन रोपनी जग्गा भाडामा लिएका खड्काले १५ वर्षयता शक्तिको आडमा आसपासका नौ रोपनी जग्गा हडेको भन्दै प्रश्न उठ्यो ।

केही महिनाअघि खड्काको लैनचौर बैंक्वेटमा प्रहरीले ताला लगायो र खड्काले हडपेको जग्गा फिर्ता लियो । यसरी सरकारी जग्गा हडपेका खड्काले नैतिकता प्रदर्शन गरेर राजीनामा दिनु परेन । सार्वजनिक जग्गा हडप्नु अपराध हो । तर, खड्कामाथिचाहिँ नैतिकताको प्रश्न कांग्रेस-एमालेका सांसदरूले उठाएनन् ।

वर्तमान सरकारकी परराष्ट्रमन्त्री डा. आरजु राणा नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएकी पात्र हुन् । उनीमाथि नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिकामा पठाउने कार्यमा संलग्नताको आरोप लागेको छ । सरकारमै बस्नेहरूबाट भएको यो ठूलो ठगी काण्ड हो । यस प्रकरणमा पक्राउ परेका बेचन झाको सिधासम्बन्धी आरजुसँग रहेको सुरक्षा स्रोतको दाबी छ । यतिमात्रै होइन, टीकापुरको जग्गाकाण्डमा पनि मन्त्री राणा मुछिएकी छन् । उनले त्यहाँ आफूले जग्गा किनेको स्वीकारेकी छन् । जबकि, उनले किनेको भनेको जग्गा सार्वजनिक हो । यद्यपि, उनीविरुद्ध नैतिक प्रश्न उठेन । अर्थात् नैतिकताको आधारमा राजीनामा दिएर अलग हुनु परेन ।

निर्मला कुर्मी बेपत्ता प्रकरणमा मुछिएका लुम्बिनी प्रदेशका सांसद बादशाह कुर्मीलाई सांसदको टिकट दिने, जिताउने र मन्त्री बनाउने दल कांग्रेस हो । अन्ततः निर्मलाको न्यायका लागि लड्दै आएका रुबी खान नेतृत्वको महिलाहरूको हप्तौंदेखिको आन्दोलनपछि मंगलबार बादशाहले मन्त्री पदबाट राजीनामा दिए । अझै पनि त्यहाँ गुण्डागर्दी पृष्ठभूमिबाट आएका रोज राणा भनिने सरोज थापा मन्त्री छन् । उनी कांग्रेसकै हुन् ।

गण्डकी प्रदेशमा गुण्डागर्दी पृष्ठभूमि भएका राजीव गुरूङ उर्फ दीपक मनाङेलाई पछिल्लोपटक मन्त्री बनाउने कांग्रेस नै हो । कांग्रेसका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई पटक-पटक मन्त्री बनाए । उनलाई एमालेबाट मुख्यमन्त्री भएका पृथ्वीसुब्बा गुरुङ र खगराज अधिकारीले पनि पटक-पटक मन्त्री बनाए । आपराधिक पृष्ठभूमि भएकालाई मन्त्री बनाउने कांग्रेस र एमालेचाहिँ कति नैतिक ? प्रश्न उठ्छ । किनभने कांग्रेस र एमालेले उपसभामुख इन्दिरा राना मगरलाई नैतिकता देखाउँदै पदबाट राजीनामा दिन दबाब दिइरहेका छन् । राजनीतिकवृत्तमा भएको चर्चाअनुसार उनलाई असोज पहिलो सातासम्ममा उपसभामुख पदबाट हटाउने तयारी कांग्रेस-एमालेको छ ।

तर, यसविरुद्ध नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेकपा एकीकृत समाजवादी उभिने भएका छन् । माओवादी सांसद लेखनाथ दाहालले भ्रष्टाचारको डंगुरमा बसेर कांग्रेस र एमालेका सांसदहरूले नैतिकताको पाठ सिकाउन खोजेको बताए । उनले यदि उपसभामुखले नैतिकताको आधारमा राजीनामा दिनुपर्छ भने त्यसअघि प्रधानमन्त्री केपी शर्मा ओली, परराष्ट्रमन्त्री राणा, सञ्चारमन्त्री गुरुङ र ऊर्जामन्त्री खड्काले राजीनामा दिनुपर्ने बताए । 'नैतिकताको आधारमा राजीनामा दिनुपर्छ भनेर जजसले उपसभामुखमाथि दबाब बढाइरहनुभएको छ, उहाँहरूको पृष्ठभूमि के हो ? थाहा छैन ?,' उनले भने, 'प्रधानमन्त्री गिरिबन्धुकाण्डका नाइके, भुटानी शरणार्थी काण्डमा आरजु संलग्न र अन्य मन्त्रीहरू सार्वजनिक जग्गा हडप्ने र हिंसा फैलाउने अभिव्यक्ति दिनेहरू होइनन् ? उहाँहरूले चाहिँ नैतिकताको आधारमा राजीनामा दिनुपर्दैन ?'

माओवादी केन्द्रसहितका दलहरूले संवैधानिक परिषद्मा बहुमत पुर्‍याएर मनलाग्दीरूपमा संवैधानिक अंगहरूमा नियुक्तिको स्वार्थसहित उपसभामुखलाई हटाउने खेल गरेको उनले बताए । यसलाई सफल हुन नदिने दाहालको भनाइ छ । नेपालस्थित अमेरिकी राजदूतावासमा प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगरले १४ फागुन २०७९ मा एउटा पत्र लेखिन् । पत्रमा संयुक्त राष्ट्रसंघको संयन्त्र 'कमिसन अन द स्टाटस अफ वुमेन'को ६७औं सत्रमा भाग लिन जान अन्तर्वार्ताको मिति सार्न आग्रह गरिएको थियो ।

आफूसँग सहयोगी पनि रहेको पत्रमा उल्लेख थियो । ती सहयोगीहरूको नाम उपेन्द्र गौतम, सुष्मा लामा, राजेश लामा तामाङ, सुजन घर्ती मगर र धनप्रसाद गुरुङ हुन् । कार्यक्रम २२ फागुनदेखि ३ चैत २०७९ सम्म अमेरिकाको न्युयोर्कमा भएको थियो । कार्यक्रममा सहभागी हुने भनेको महिला सशक्तीकरणको क्षेत्रमा क्रियाशील महिला अधिकारकर्मीहरू हुन् । तर, पत्रमा नाम रहेका पाँचै जना महिला सशक्तीकरणको क्रियाशील थिएनन् । उक्त पत्र गत ३ साउनमा बाहिरियो । ६ साउनमा संसद् बैठक बस्यो । त्यसदिन कांग्रेस सांसद रामहरि खतिवडा र एमाले सांसद दामोदर पौडेल बैरागीले उपसभामुखले लेखेको पत्रले मानव तस्करी गरेको देखिने आरोप लगाएका थिए ।

प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटा र रास्वपा सांसद सुमना श्रेष्ठले उपसभामुख मगरको बचाउ गर्दै खतिवडा र बैरागीको अभिव्यक्तिको खण्डन गरेका थिए । यसपछि यो विषय डेढ महिनासम्म उठान भएन । कांग्रेस-एमाले चुपचाप रहे । यतिबेला भने संसद् बैठकमा फेरि यी दुई दलका सांसदहरूले यही विषयलाई उठाउँदै उपसभामुख मगरलाई मार्गप्रशस्त गर्न दबाब बढाएका छन् । यदि त्यस्तो नभए अविश्वास प्रस्ताव अघि सारेर उपसभामुख मगरलाई हटाउने पक्षमा कांग्रेस र एमाले छन् ।

● ● ●

## जलवायु संकट...

राष्ट्रियसभा सदस्य पदमबहादुर परियारले जलवायु परिवर्तनलाई सम्बोधन गर्न स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्नुपर्ने बताए । उनले विकसित राष्ट्रले उच्चस्तरमा कार्बन उत्सर्जन गरिरहने र त्यसबापत नेपालजस्ता देशलाई नगन्य सहयोग दिने विषय न्यायिक नभएको जिकिर गरे ।

प्रतिनिधिसभा सदस्य प्रतिमा गौतमले जलवायु परिवर्तनको प्रभाव स्थानीयस्तरमा अत्यधिक हुने भएकाले स्थानीय सरकारलाई अझ बढी जिम्मेवार, सक्षम र सशक्त बनाउनुपर्ने बताइन् । साथै, उनले जलवायु परिवर्तनलाई विद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्नुपर्ने उल्लेख गरिन् ।

कार्यक्रममा नेपालस्थित वेलायती राजदूतावासका जलवायु सल्लाहकार उगान मानन्धरले जलवायु वित्त आकर्षित गर्न हाल रहेका विद्यमान जटिलतालाई सहज पार्नुपर्ने बताए । वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. बुद्धिसागर पौडेलले स्वीडेन र दक्षिण कोरियासँग कार्बन व्यापारको प्रक्रिया अगाडि बढिरहेको जानकारी गराउँदै यसमा रहेको प्रक्रियागत झण्झटलाई सरल पार्ने काम भइरहेको बताए ।

जलवायु परिवर्तनका विषयमा विश्व मञ्चमा नेपालले आफ्ना आवाजहरू सशक्तरूपमा उठाउँदै आएको उल्लेख गर्दै उनले अन्तर ाष्ट्रिय जलवायु वार्ताका लागि राष्ट्रिय क्षमता बढाउन आवश्यक रहेको तर्क गरे । उक्त संवादमा संघीय संसद्का सदस्यहरू, सम्बन्धित क्षेत्रका विषयविज्ञ तथा अन्य सरोकारवालाहरूको उपस्थिति थियो ।

● ● ●

## मृतक श्रमिकका...

यस्तै वैदेशिक रोजगार सचेतना अभिवृद्धिका लागि श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रसारण, स्थानीय तहमा वैदेशिक रोजगारसम्बन्धी नागरिक वडापत्र राख्ने, आप्रवासी कामदार दिवस मनाउने, मनोपरार्श सेवा सञ्चालन गर्ने, वैदेशिक रोजगारीबाट फर्किएका कामदारको स्वास्थ्य परीक्षण गराइएको, विदेशबाट फर्किएका तीन हजारलाई उद्यमशीलता विकास गर्न सीप विकास तालिम दिइएको, नयाँ तथा आकर्षक श्रम गन्तव्यको खोजीका लागि समिति गठन तथा परिचालन गरिएको, वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन भएको, वैदेशिक रोजगारसम्बन्धी मेला प्रदर्शनीमा भाग लिएकोलाई प्रगति विवरणमा उल्लेख छ ।


### कल्याणकारि पत्र (पेन्सन पट्टा) हराएको सूचना

मिति २०८१/०३/०४ गते कागेश्वरी मनोहरा-७, थापा चोकबाट पेप्सीकोला सम्म जाँदा मेरो निम्न व्यहोरा भएको सक्कली कल्याणकारि पट्टा) हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नामः शुभ बहादुर सुनाम**
**फोनः ९७६७२९२७८०**
**ठेगानाः कागेश्वरी, मनोहरा ७, काँडाघारी**
**पेन्सन पट्टा नं. : ५६६३०७**
**दर्जा : नेपाल आर्मी**

### नेपाल सरकार
### उद्योग मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनी खारेज गरिएको
### सूचना

यस कार्यालयमा मितिः २०७९-०२-१९ मा दर्ता भएको प्रा.लि.नं. २९१६३० को शुभदिन कन्स्ट्रक्सन प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८०/०७/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जाकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८१/०५/२७**

श्री **केदारनाथ इङलिस मिडियम स्कुल**, जुम्ला प्रा.लि. को नाम कम्पनी को प्रबन्धपत्रको दफा १ र नियमावलीको नियम १ मा संशोधन गरी **चौधबिस एकेडेमी** (प्रा.लि. नं. १३७०४५) डल्लीचौर-४, जुम्ला, कर्णाली. कायम गर्न गरिएको संशोधनलाई स्वीकृत प्रदान गरी संशोधित प्रबन्धपत्र/नियमवलीलाई अभिलेख गरी सोको १/१ प्रति पठाइएको व्यहोरा मिति २०८१/०५/२० को निर्णयानुसार जानकारी गराईन्छ ।

### नेपाल उड इण्डष्ट्रिज प्रा.लि. का संचालक राज कुमार बस्नेतको नाममा १५ दिने सार्वजनिक सूचना

का.म.न.पा वडा नं. ६ बौद्ध द्वार मार्ग स्थित कित्ता नं.२४ छेत्रफल १२५५.३८ वर्ग मिटर रहेको ल्हाक्पा डोमा लामा नामको जग्गा मा २०७९ कार्तिकदेखि हालसम्म भुक्तानि नगरि नेपाल **उड इण्डष्ट्रिज प्रा.लि.** का संचालक **राज कुमार बस्नेत** सम्पर्कमा नरहेकोले आजका मितिले १५ दिन भित्र आई भाडा रकम भुक्तानि गर्न हुन सुचित गरिन्छ । अन्यथा कानुन बमोजिम प्रक्रिया अगाडि बढाइने व्यहोरा यसै सूचना द्वारा सुचित गराइन्छ ।

**ल्हाक्पा डोमा लामा**
**का.म.न.पा-६, बौद्ध द्वार**

### कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Overseas Employment (P.) Ltd.** (ई.प.नं. १२०८/०७३/०७४) मा **शंकर प्रसाद ढकाल** (**ना.प्र.प्र.नंः ४४०८/५९४३/५३५५३**) ले यस प्रा.लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं. १२०८/०७३/०७४

**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069,
E-mail: overseas4employment@gmail.com

### लिलाम विक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०५/२६**

यस सा.व.उ.स. वाट संकलित साल गोलिया काठ ४७८.०५ क्यू फिट र साल दाउरा २ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**वाहुनपोखरा सा. वन उपभोक्ता समूह, व्यास- ८, तनहूँ ।**

### संस्थामा हाजिर हुन आउने सम्बन्धी सूचना



कृष्ण बहादुर तामाङ्गको नाति खड्ग बहादुरको छोरा स्थायी साविक ठेगाना उदयपुर जिल्ला कटारी गा.वि.स. वार्ड नं ३ हाल कटारी न.पा. वार्ड नं ४ बस्ने र अस्थायी ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ९ बस्ने वर्ष ३७ को **श्री रोजन लामा ज्यू** तपाई यस मध्ये उपत्यका बचत तथा ऋण सहकारी सस्था लि. सरस्वतीनगरमा सञ्चालक समिति सदस्य तथा कार्यकारी प्रमुखको रूपमा कार्यरत रहनुभएको र तपाई बिगत १५ महिना देखि यस सस्थामा बिना कुनै जानकारी, सूचना, र बर बुझारत नगरी सम्पर्क बिहिन रहनु भएको हुनाले यस सस्थाको दैनिकी काम कार्यको साथै हर हिसाबहरू मिलान गर्न विभिन्न किसिमको बाधा पुग्न गएको हुदा तपाईको नाममा हाजिर हुन आउन यो सूचना गरिएको छ ।

**अत** : तपाइले यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र यस सस्थामा हाजिर भइ आफ्नो जिम्माको काम कार्य र हर हिसाबको बरबुझारत गर्न आउनुहोला । अन्यथा यस सस्थाले तपाई उपर संस्थाको नियम कानून बमोजिम कार्यवाही चलाउन बाध्य हुने व्यहोरा जानकारी गराइन्छ ।

### गोलन्जोर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
ग्वाल्टार, सिन्धुली
बागमती प्रदेश, नेपाल

### विशेषज्ञ डाक्टरसहितको निःशुल्क बृहत् स्वास्थ्य शिविर सञ्चालन हुनेसम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८१/०५/२७ गते**

प्रस्तुत विषयमा यस गोलञ्जोर गाउँपालिका र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, निजामती कर्मचारी अस्पताल काठमाण्डौंको संयुक्त आयोजना र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा तपसिलको मिति, समय र स्थानमा उल्लेखित रोगको विशेषज्ञ डाक्टरसहितको निःशुल्क बृहत् स्वास्थ्य शिविर सञ्चालन हुने भएकोले उक्त शिविरमा गोलन्जोर गाउँपालिकाभित्र तथा आसपासका अन्य स्थानीय तहका सम्पूर्ण महानुभावहरूलाई स्वास्थ्य शिविरमा सहभागी भई मौकाको फाइदा लिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल**ः-

**मितिः**- २०८१ भदौ २८ र २९ गते शुक्रबार र शनिबार ।
**समयः** विहान ८:०० बजेदेखि साँझ ४:०० बजेसम्म ।
**स्थानः** कौशिका मा.वि. ग्वाल्टार, गोलन्जोर गा.पा. वडा नम्बर ३ ग्वाल्टार, सिन्धुली ।

**शिविरमा उपलब्ध हुने सेवाहरूः**

१. हाडजोर्नी तथा नशा रोग सेवा
२. जनरल मेडिसिन सेवा
३. स्त्री तथा प्रसूति रोग सेवा
४. छाला रोग सेवा
५. जनरल सर्जरी सेवा
६. दन्त रोग सेवा
७. मनोरोग सेवा
८. बालरोग सेवा
९. आँखा रोग सेवा
१०. फेमिली मेडिसिन सेवा
११. फिजियोथेरापी सेवा
१२. इ.सि.जी. सेवा
१३. भिडियो एक्सरे सेवा
१४. औषधी वितरण सेवा (फार्मेसी सेवा)
१५. रगत परीक्षण सेवा (ल्याब सेवा)
१६. एक्सरे सेवा
१७. साधारण शल्यक्रिया सेवा

**नोटः- थप जानकारीको लागि सम्पर्क नम्बर- विरेन्द्र साह (स्वास्थ्य शाखा प्रमुख ९८४४०९८३७१, मिन बहादुर आछामी सि.अ.हे.व. स्वास्थ्य शाखा ९८४४२८०४८३ ।**

**चन्द्रकान्त चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**

### साउदीमा रोजगार

कम्पनी : Durar Al-Khamis Automotive Services Workshop
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/२५ | LT. No. 310563 | चलानी नं.६०२२५१६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ७ गते (23rd Sep. 2024) मा हुनेछ ।

कम्पनी : Haza Food Foundation for providing meals

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ | LT. No. 310605 | चलानी नं.६०२२५१७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ३ गते (19th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

### युएई/साउदीमा रोजगार

कम्पनी : BIN JAMAL RECRUITMET SERVICES- SOLE PROPRIETORSHIP L.L.C.
शहर : Abu Dhabi

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ | LT. No. 310608 | चलानी नं.६०२२५१७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 6 | 0 | 1200 | ४३,९७० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Male | 3 | 0 | 900 | ३२,९८० | | | | | | | |
| 3 | Concrete Masons | 5 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 4 | Steel Fixer | 5 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 5 | Stone Mason | 3 | 0 | 1200 | ४३,९७० | | | | | | | |
| 6 | Vehicle Mechanic | 5 | 0 | 1200 | ४३,९७० | | | | | | | |

कम्पनी : AL-NABATI CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ | LT. No. 310607 | चलानी नं.६०२२५१८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Lobor (Male) | 9 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ३ गते (19th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1688/080/081
**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000220, 9705000221
E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np

### युएईमा रोजगार

कम्पनी : THE VALET LLC

पूर्व स्वीकृति मिति २०८०/०९/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२६ | LT. No.297731 | चलानी नं.६०२१२८१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Customer Service Representative | 96 | 0 | 1100 | ३९,७५५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 139 | 0 | 1400 | ५०,४९५ | | | | | | | |
| 3 | Kitchen Helper | 25 | 0 | 900 | ३२,५२५ | | | | | | | |
| 4 | Revenue Assistant | 10 | 0 | 2000 | ७२,२८० | | | | | | | |
| 5 | Shift Supervisor | 25 | 0 | 2000 | ७२,२८० | | | | | | | |
| 6 | Waiter | 25 | 0 | 1100 | ३९,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ३ गते (19th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

### कतारमा रोजगार

कम्पनी : AL ZAYED LLMQAWLAT WLL
शहर : Doha

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ | LT. No. 310649 | चलानी नं. ६०२२५१९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accounts Executive | 1 | 0 | 3600 | १३२,५५० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1100 | ४०,४७० | | | | | | | |
| 3 | Electric | 2 | 0 | 1100 | ४०,४७० | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९२,००० | | | | | | | |
| 5 | Labour | 4 | 0 | 1000 | ३६,८०० | | | | | | | |
| 6 | Purchasing Representative | 1 | 0 | 2200 | ८०,९४ | | | | | | | |
| 7 | Receptionist | 0 | 1 | 1100 | ४०,४७० | | | | | | | |
| 8 | Supervisor | 1 | 0 | 3000 | ११०,३७५ | | | | | | | |
| 9 | Technician | 1 | 0 | 1100 | ४०,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ३ गते (19th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५९३/०७९/०८०
**Greenland Services Pvt. Ltd.**
"A Complete Ethical Recruitment Agency"
Basundhara,Kathmandu, Nepal, Tel: +977 1 5916353,
Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com

# Chulachuli Rural Municipality
## Office of the Rural Municipal Executive
Chulachuli, Ilam, Koshi Province

## Invitation for Online Bids

**Date of Publication:12 Sept 2024 (2081/05/27)**

1. Chulachuli Rural Municipality, Office of the Rural Municipal Executive, Chulachuli, Ilam invites online Bids under e-procurement system from eligible bidder for the procurement of following works:

| S.N | Contract Identification Number | Description and Location of Works | Estimated amount without Vat | Bid Security Amount (Nrs) | Cost of Bidding Documents(NRS) | Remarks | Account for Bid purchase |
|---|---|---|---|---|---|---|---|
| 1 | 03/Chulachuli /081/82 | Construction of Box Culvert Along Chulachuli Marga Ward no 4 | 23,04,252 | 65,000 | 3000 | NCB | Ga-1.1 Rajaswa (Revenue)khata Acc No: 1030060744200030 |
| 2 | 04/Chulachuli /081/82 | Upgradation of Chulachuli Marga Ward no 3 | 1,15,57,000 | 3,30,000 | 3000 | NCB | |
| 3 | 05/Chulachuli /081/82 | Upgradation of Milan Chowk upto Cassava Industry Road Section Chulachuli-3 Ilam | 1,15,93,268 | 2,90,000 | 3000 | NCB | |

2. In case the bidder submit the bid security in terms of cash the bank details is :
Account Name: Ga-3 Sthaniya Taha Dharauti Khata, **Account Number: 1030060744200037**
3. For further detail bidders are requested to visit the notice board of Chulachuli Rural Municipality or PPMO's website https://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**
**Chulachuli Rural Municipality**

# रुद्रायणीदेवी मन्दिर पुनर्निर्माणमा ढिलाइ



**ललितपुर–** ललितपुर महानगरपालिका-२१ खोकनास्थित ऐतिहासिक रुद्रायणीदेवीको मन्दिर पुनर्निर्माणको काम अझै सकिएको छैन ।वि.सं. २०७२ गोरखा भूकम्पले क्षति पुऱ्याएको ऐतिहासिक मन्दिर पुनर्निर्माण थालिएको चार वर्ष पूरा भएको छ । पछिल्लो समय पुनर्निर्माणका लागि बजेट अभाव भएको जनाइएको छ । ललितपुर महानगरपालिकाको आर्थिक सहयोगमा स्थानीय रुद्रायाणीदेवी पुनर्निर्माण उपभोक्ता समितिले कामको जिम्मा लिएको थियो । मन्दिर पुनर्निर्माणको लागि ललितपुर महानगरपालिकाले हरेक वर्ष बजेट छुट्याउने भएकाले बजेटअनुसारको काम भएको रुद्रायणदेवी पुनर्निर्माण उपभोक्ता समितिका अध्यक्ष बेखनर महर्जनले जानकारी दिए ।

भूकम्पले क्षति गरेका ललितपुरका अन्य मन्दिर पुनर्निर्माण भए पनि रुद्रायाणीदेवी मन्दिरको पुनर्निर्माणको काम ढिला भएको रुद्रायणीदेवी गुठीका अध्यक्ष उदयकुमार डुंगोको भनाइ छ । उनले भने, 'बजेट अभावको कारण मन्दिर पुनर्निर्माण ढिला भएको छ । महानगरको वार्षिक बजेटअनुसार काम भएको छ । हालसम्म करिब चार करोड रूपैयाँभन्दा बढी खर्च भइसक्यो मन्दिर पुनर्निर्माणको काम अझै दुई वर्षपछि सकिन्छ होला ।'

हाल मन्दिर पुनर्निर्माणको काम भइरहेकोले देवतालाई अस्थायी मन्दिरमा राखेको रुद्रायणी गुठीका सदस्य हेराबहादुर डंगोलले बताए । समयमै मन्दिर निर्माणको काम सकिए रुद्रायायणीदेवी जात्रा र पूजाआजका लागि सहज हुने उनको भनाइ छ । रुद्रायणी मन्दिरको पुनर्निर्माणका लागि २०७८ भदौ २३ गते पूर्वऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले शिलन्यास गरेकी थिइन् ।

करिब आठ करोड रूपैयाँमा पुनर्निर्माणको जिम्मा लिएको रुद्रायणीदेवी मन्दिर पुनर्निर्माण उपभोक्ता समितिले करिब १० करोड रूपैयाँभन्दा बढी खर्च हुनसक्ने बताइएको छ । हरेक वर्षको घटस्थापनादेखि रुद्रायणीदेवी मन्दिरमा पूजा सुरु हुन्छ । यस मन्दिरमा राँगा र बोकाको बलि चढाउने भएकाले ललितपुरमा रहेका अन्य मन्दिरभन्दा यो मन्दिर विशेष मानिन्छ । खोकनावासीले दसैंको समयमा रुद्रयाणी देवीको पूजाआज गरी जात्रा मनाउँछन् । *रासस*

# आज साँझदेखि मनसुन सक्रिय हुने

**काठमाडौं (प्रस)–** जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाले आज (बिहीबार)देखि वर्षा सुरु भएर तीन दिनसम्म वर्षा हुने पूर्वानुमान गरेको छ । विभागद्वारा बुधबार जारी विशेष मौसमी बुलेटिनमा देशका केही स्थानमा भारी वर्षा हुने जनाउँदै आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ ।

महाशाखाकी मौसमविद् शान्ति कँडेलले हाल देशभर मनसुनी वायुको प्रभाव रहेको र मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा दक्षिणतिर अवस्थित रहेको बताइन् । उनले मौसमको यस्तो स्थिति भएता पनि हाल भारतको मध्यप्रदेश आसपासमा अवस्थित न्यून चापीय प्रणाली थप विकसित भई उत्तर-पश्चिमतिर (नेपाल नजिक) सर्ने सम्भावना देखिएको जानकारी दिइन् । 'उक्त प्रणालीको प्रभावले बिहीबार साँझदेखि शनिबार बिहानसम्म विशेषगरी नेपालको पश्चिमी क्षेत्रमा मनसुन सक्रिय भई वर्षा हुने सम्भावना छ,' उनले भनिन्, 'तसर्थ आवश्यक सतर्कता अपनाउन आवश्यक छ ।'

महाशाखाद्वारा जारी बुलेटिनमा गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा साधारणदेखि पूर्णतया बदली र बाँकी प्रदेशहरूमा आंशिकदेखि साधारणतया बदली रहने उल्लेख छ । 'गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चटचाङ/ हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ,' जारी विशेष बुलेटिनमा भनिएको छ, 'लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरूमा भारीदेखि धेरै भारी तथा बाँकी प्रदेशका एक-दुई स्थानहरूमा भारी वर्षाको सम्भावना रहेको छ । सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा अति भारी वर्षाकोसमेत सम्भावना रहेको छ ।'

महाशाखाले वर्षाका कारण भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र मनसुनमा रातिको समयमा पानी पर्ने सम्भावना बढी हुने गरेकाले सहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्नसक्ने जनाएको छ । यसैगरी दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा महाशाखाले अनुरोध गरेको छ ।

# गौरीशंकर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सुरी, दोलखा, वागमती प्रदेश, नेपाल**

## सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना

**सुचना नं ९/२०८१/०८२, मिति २०८१/०५/२७**

यस कार्यालयको लागि तपसिलमा उल्लेखित विवरण बमोजिम सेवा करारमा कर्मचारी पदपुर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस गाँउपालिकाको कार्यालयमा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या | न्युनतम शैक्षिक योग्यता /तालिम |
|---|---|---|---|---|---|
| १ | ११/२०८०/८१ | कृषी प्राविधिक सहायक | पाचौं | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषी विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह (I.Sc. Agri) उतिर्ण वा कम्तिमा S.L.C. उतिर्ण वा SEE मा न्यूनतम 'C' Grade प्राप्त वा T.S.L.C. उतीर्ण गरी न्यूनतम तीन बर्ष अवधिको कृषी विज्ञान विषयमा डिप्लो (Major in Plant Science) मा उतिर्ण वा जे.टि.ए. कोर्ष उतीर्ण गरी कृषी विज्ञानमा एक बर्षे जे.ती. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उतीर्ण |
| २ | १२/२०८०/८१ | पशु स्वास्थ्य प्राविधिक | पाचौं | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह (I.Sc. Agri) उतिर्ण वा कम्तिमा S.L.C. उतिर्ण वा SEE मा न्यूनतम 'C' Grade प्राप्त वा T.S.L.C. उतीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम तीन बर्षको अवधिको डिप्लोमा उतिर्ण वा पशु विज्ञान विषयमा जे.टि.ए. कोर्ष उतीर्ण गरी पशु विज्ञानमा एक बर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उतीर्ण |
| ३ | १३/२०८०/८१ | नायब पशु स्वास्थ्य प्राविधिक | चौथो | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा S.L.C. उतिर्ण वा SEE मा न्यूनतम 'C' Grade प्राप्त गरी न्युनतम एक बर्षे जे.टि.ए. (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषी (पशुपालन, पशु स्वास्थ्य) विषय लिई T.S.L.C. उतिर्ण । |
| ४ | १४/२०८०/८१ | कम्प्युटर अपरेटर | पाचौं | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर डिप्लोमा वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह उर्तीण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ६ महिना अवधिको कम्प्युटर सम्बन्धी तालिम हाँसिल गरेको । |
| ५ | १५/२०८०/८१ | सहायक कम्प्युटर अपरेटर | चौथो | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई कम्तिमा S.L.C., S.E.E वा सो सरह उतिर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा S.L.C., S.E.E वा सो सरह उतिर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा S.L.C., S.E.E वा सो सरह उतिर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालय Semi Skilled Man Power को लागि संचालित ३ महिनाको कम्प्युटर तालिम प्राप्त । |

१. **परिक्षाको किसिम**: लिखित, अन्तरवार्ता र कम्प्युटर अपरेटर पदको लागि कम्प्युटर सिप परिक्षण र प्रयोगात्मक समेत ।

२. **दरखास्त दस्तुर** : कम्प्युटर अपरेटर, पशु स्वास्थ्य प्राविधिक र प्राविधिक सहायक पदको लागि रू. ६०० (अक्षरूपी छ सय रूपैया मात्र) र सहायक कम्प्युटर अपरेटर, नायब पशु स्वास्थ्य प्राविधिक पदको लागि रू. ४००।- (अक्षरूपी चार सय रूपैया मात्र) यस गाँउपालिकाको हिमालयन बैंक लिमिटेड, गौरीशंकर शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०५६०७६५०३९००१८ मा जम्मा गरी सोको सक्कल भौचर आवेदन साथ पेश गर्नुपर्नेछ ।

३. **दरखास्त दिने स्थान** : गौरीशंकर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सुरी दोलखा र भोर्ले सेवा केन्द्र (आइतबार खर सोमबार)

४. **दरखास्त दिने अन्तिम मिति** : सूचना प्रकाशन भएको मितिले ७ (सात) भित्र, कार्यालय समय भित्र ।

५. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरू** : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु :
- क) नागरिकता
- ख) न्युनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र
- ग) अनुभव भए सोको कागजात तथा तालिमको प्रमाणपत्र
- घ) पासपोर्ट साईजको फोटो २ प्रति

६. **सेवा सुविधा** : नेपाल सरकारको नियमानुसार ।

७. **परिक्षाको पाठ्यक्रम** : कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर पदको लागि लोक सेवा आयोगले कम्प्युटर अपरेटर पदको लागि निर्धारण गरे बमोजिम र प्राविधिक सहायक, पशु स्वास्थ्य प्राविधिक, नायब पशु स्वास्थ्य प्राविधिक पदको लागि प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले निर्धारण गरे बमोजिम ।

८. **उमेरको हद** : दरखास्त दिने अन्तिम दिन सम्म १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिला तथा अपांगको हकमा ४० बर्ष ननाघेको

९. दरखास्त फारम गाँउ कार्यपालिकाको कार्यालय र भोर्ले सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

१०. सर्म्पक नं. : ९८५१००६००९

**प्रमुख प्रशासकीय अधिकृत**

## युएईमा रोजगार
कम्पनी : RAK CLEANING SOLUTIONS LLC
शहर : Ras Al Khaimah

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ LT. No. 310626 चलानी नं.६०२२५१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaner | 200 | 0 | 800 | २९,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ३ गते (19th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
